नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- ४५६

मिति :- वि.सं. २०८२/१२/२७

ने.स. :- ११४६ चौलागा, ८ शुक्रवार

विषयः २०८३ बैशाख महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा ।

श्री सम्पादक/प्रकाशकज्यू,

प्रेस काउन्सिल नेपालको आ.व. २०७८/७९ को वर्गीकरणमा परेका पत्रपत्रिका सबै

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि प्रेस काउन्सिल नेपालको आ.व. २०७८/०७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८३ साल बैशाख महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ र देहाय बमोजिम गर्नु/गराउनु हुन साथै आ.व. २०८२/०८३ मा विनियोजित बजेट अपुग भई थप बजेट माग गरिएकोले हाललाई विल नगर्ने शर्तमा प्रकाशन गर्न र बजेट थप भई आएमा मात्र लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको रकम भुक्तानी हुने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**देहायः**

१. चालु आ.व. को चौथो त्रैमासिकमा लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको भुक्तानी गर्न अपुग हुने रकम थप बजेट माग गरिएको र बजेट सुनिश्चितता नभएकोले भुक्तानी नहुने शर्तमा मात्र २०८३ बैशाख महिनाको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न ईच्छुक सञ्चारमाध्यमले प्रकाशन गर्न सक्ने तथा बजेट थप प्राप्त भएमा मात्र भुक्तानी गर्ने शर्तमा लोककल्याणकारी विज्ञापन प्रकाशनको लागि पठाउने र सम्बन्धित बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुले बजेट थप भई आएमा मात्र विल तथा कागजात संकलन गरि भुक्तानी गर्ने।

२. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नु हुन।

३. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८३ साल बैशाख महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन।

४. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक फरक अंकमा नदोहोर्‍याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थः

श्री हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालय,
सबै।
(उल्लिखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन।)

# लोकतन्त्र दिवस, २०८३

- ❖संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- ❖नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- ❖विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- ❖सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- ❖भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
- ❖लोकतान्त्रिक मूल्य–मान्यता संरक्षणमा योगदान दिऔं।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

**"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"**

- **आर्थिक गणना किन:** देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- **गणना अवधि:** २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- **कसलाई समेट्ने:** सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।

सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पदा जोगाऔं, पहिचान बचाऔं।

❖ ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।

❖ सम्पदा क्षेत्रमा फोहोर नगरौं।

❖ पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।

❖ स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौं।

❖ सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।

❖ पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।

❖ अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।

❖ पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कला जोगाऔं, संस्कृति बचाऔं।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।

- ❖ अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- ❖ स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- ❖ सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- ❖ सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- ❖ गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- ❖ पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- ❖ सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- ❖ प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- ❖ सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# शान्ति र सद्भाव कायम गरौं।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हाँसौः स्वस्थ रहौं।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

हाँसौं र हँसाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ अनुसार,**

- होर्डिंङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने ब्यवस्था छ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिंङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिंङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं**

# मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

**मानसिक समस्याका लक्षणः**

❖निराश हुनु,

❖तनाव तथा चिन्ता महशुस हुनु,

❖बेलाबेलामा डर लाग्नु,

❖बिनाकारण पसिना आउनु,

❖गहिरो निद्रा नपर्नु,

**मानसिक समस्या निदानको लागिः**

❖नियमित व्यायाम गरौं,

❖आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,

❖परिवार र साथीहरूसँग समय बिताऔं,

❖योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

**आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वास्थ्यमा ध्यान दिऔं।

❖सन्तुलित र पोषणयुक्त खाना खाऔं,

❖नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,

❖शारीरिक क्रियाकलापमा सक्रिय बनौं,

❖सरसफाइमा विशेष ध्यान दिऔं,

❖बालबालिकालाई समयमै खोप लगाऔं,

❖नियमित स्वास्थ्य परीक्षण गरौं,

❖धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,

❖प्रशस्त मात्रामा पानी पिउने गरौं,

❖मानसिक स्वास्थ्यको ख्याल राखौं,

❖स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- ❖आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ❖आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- ❖नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- ❖आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- ❖सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- ❖सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ❖जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- ❖सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- ❖अनियमितता र भ्रष्ट्राचारबिरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

सामाजिक सञ्जालमाः

❖जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,

❖राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,

❖कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,

❖जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,

❖शान्ति सुरक्षामा खलल पुग्ने,

❖प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,

❖जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।

यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड